# आर्थिक बर्ष २०७८।०७९ को नीति, कार्यक्रम

# सिलिचोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तामकु , संखुवासभा

१ नं.प्रदेश, नेपाल

श्रद्धेय अध्यक्ष महोदय,

आजभन्दा करिव चार वर्ष पहिले स्थानीय तहको पहिलो निर्बाचन बाट हामि यस सिलीचोङ गाउँपालिकाको पहिलो जन निवार्चित स्थानीय सरकारको रुपमा निर्वाचित भएका थियौं । फरक फरका गाउँ विकास समितिको रुपम भौगोलिक बिभाजनको अवस्थामा रहेका स्थानहरु केहि समय अगाडि मात्र स्थानीय तहमा एकिकृत भएको भूगोलबाट निर्वाचित भएका हामिहरु एक अर्कामा परिचित हुनपनि केहि समय लागेको थियो । त्यसैगरि विभिन्न राजनीतिक पृष्ठभूमिबाट आएका हामि जप्रतिनिधिहरुलाई समान धारण बनाएर जनताको अपेक्षा अनुरुप सार्वजनिक प्रशासन संचालन गर्नपनि सुरुवाति दिनहरुमा केहि असहज महसुस भएको थियो । तर आज हामीले निर्वाचित भएर स्थानीय सरकारको रुपमा गोलबन्द भएर साझा धारणाका साथ काम गरेको पनि चारवर्ष पुरा हुन लागेको छ । यस अवधिमा हामिले सिलीचोङ सरकारको रुपमा चार वटा बजेट निर्माण गरि कार्यान्वयन गराएका छौं भने हाम्रो यो कार्यकालको सम्भवत अन्तिम नीति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा छौं । यस सन्दर्भमा बिगत चारवर्षको अवधिमा हामीले भोगेका समस्या तथा गरिएका कार्यहरुको सन्दर्भमा समिक्षा गर्नु सान्दर्भिक ठानेको छु ।

श्रद्धेय अध्यक्ष महोदय,

हामी निर्वाचित भएर आउँदा लामो समयको जनप्रर्तिनिधि विहिन अवस्थाबाट समग्र बिकासमा नकारात्मक प्रभाव परिरहेको अवस्था र राज्य संरचनामानै भएको परिवर्तनले सिर्जना भएको नयां आयाम स्थानिय सरकारमा थियो । लामो समयपछि स्थानीय तहमा जनप्रतिनिधिको आगमनले जनतामा ठूलो अपेक्ष रहनु र राज्य संरचनामा भएको परिवर्तनले स्थानिय सरकारलाई अधिकार संपन्न बनाएको थियो । यस अवस्थामा स्थानिय सरकारको रुपमा जनआकाँक्षा पुरा गर्दै स्थानीय सरकारलाई संरचनात्मक रुपमा कृयाशिल बनाउनु थियो । यस अवधिमा हामीले स्थानीय सरकारलाई व्यवस्थित गर्न केहि महत्वपूर्ण कार्यहरु गरेको छौ ।

कानुनी शुन्यताबाट सुरु भएको हाम्रो कार्यकालको यस चार वर्षको अवधिमा करिव ३० वटा स्थानीय कानुनहरु निर्माण गरेर स्थानीय सरकारको काम कारवाहिलाई व्यवस्थित गरिएको छ । पूर्वाधारको क्षेत्रमा निकै परिवर्तन भएको छ । हामी निर्वाचित हुँदा सिलीचोङ गाउँपालिकाको केन्द्र ताम्कुसम्म पनि जिल्ला सदरमुकाम बाट सडक मार्गको पहुँच थिएन । आज जिल्ला सदरमुकाम देखि गाउँपालिकाको केन्द्र र गाउँपालिकाको केन्द्रदेखि ५ वटै वडासम्म सडक मार्ग निर्माण भएको छ । त्यसैगरि वडा नं. १ देखि ४ सम्मका विभिन्न टोल बस्तिसम्म सडक सञ्जाल विस्तार भएको छ । यस अविधमा करिव ७५ कि.मि. सडक निर्माण भएको अवस्था छ । त्यसैगरि खानेपानि, सिचाई सामुदायिक भवन, स्वास्थ्य संरचिना, विद्यालय भवन जस्ता संरचनाहरुमा पर्याप्त सुधार भएको अवस्था छ । पछिल्लो

चार वर्षको अवधिमा सिलीचोङ गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा निकै ठूलो बिकास भएको छ । ताम्कु प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति, बाला स्थास्थ्य चौकीको निर्माण सम्पन्न, बिभिन्न ८ स्थानमा स्वास्थ्य कर्मिसहितको सामुदायिक स्वास्थ्य इकाई, बर्थिङ सेन्टरको स्थापना, खोप केन्द्रहरुको स्थापना तथा पूर्वात्रार निर्माण, एम्बुलेन्स सेवा जस्ता कार्यले नागरिकहरुलाई स्थानीय स्तरमा आधारभुत स्वास्थ्य सेवाको पहुँच पुगेको छ । त्यसैगरि शैक्षिक गुणस्तरमा सुधार, कृषि तथा पशुजन्य उत्पादनमा व्यवसायिकरण, सामाजिक रुपान्तरणमा सकारात्मक प्रभाव, बिद्युत सेवामा पहुँच, संचारको बिकास जस्ता कार्यहरु भएका छन् । नमूना बाल कक्षा, सगरमाथा मा.वि. नमूना विद्यालयको रुपमा छनौट हुन, जनताका आकाँक्षा र आवश्यकता असिमित हुन्छन् तर सिमित आर्थिक श्रोत, न्युन जनशक्ति र अनुभव बिहिन अवस्थाबाट सुरु भएको हाम्रो कार्यकालको यस चार वर्षे अवधिमा भएका यि कार्यहरु सकारात्मक उपलब्धिकै रुपमा मैले लिएको छु ।

अध्यक्ष महोदय,

अव म आ.व. ०७८।०८९ को नीति, कार्यकम तथा बजेटको सनदर्भमा बिषय केन्द्रित गर्न गइरहेको छु । अहिले हामी सिलीचोङ गाउँपालिकाको आ.व.०७८/०७९ को ऐतिहासिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने अवस्थामा आईपुगेका छौ । सिमित बजेटको सिमाभित्र रही जनताका असिमित आकांक्षा र आवस्यकतालाई सम्बोधन गर्न निश्चयनै हामीमाँझ चुनौति रहेको छ । त्यसैगरि यस आ.ब.मा सिलीचोङ गाउँपालिकामा भएका बाढि, पहिरो लगायतका ठूला विपदका घटनाहरु र विस्वव्यापि रुपमा फैलिएको कोरोना महामारीको असरबाट भएका समस्याहरुको सम्बन्धमा समेत सम्बोधन गर्नुपर्ने अवस्था छ । त्यसैगरि राज्यले लिएको “समृद्ध नेपाल सुखि नेपाली” को नारालाई आत्मसाथ गर्दै अवसरको रुपमा अगाडि बढनुको विकल्प छैन । संविधान प्रदत्त हक अधिकार सहित गठित यस सिलीचोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा आगामी आर्थिक वर्ष ०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न गईरहेको छु । यस ऐतिहासिक अवसरमा सर्वप्रथम लोकतान्त्रिक गणतन्त्र, स्वतन्त्रता तथा स्वाभिमान प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहीदहरु एवं बेपत्ता परिवारहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्न चाहान्छु । राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गरि यस सिलीचोङ गाउँपालिकाको विकास र संबृद्धिमा महत्वपूर्ण योगदान पुर्याउनुहुने राजनैतिक दलका प्रतिनिधि, समाजसेवि लगायत सम्पूर्ण सरोकारवाला अग्रजहरुप्रति आदरभाव प्रकट गर्न चाहान्छु ।

लामो समयसम्म निर्वाचित जनप्रतिनिधि विहिन यस गाउँपालिकामा विविध समस्या र चुनौतिहरु रहेका छन भन्ने हामीलाई लागेको छ । यसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा समग्र गाँउपालिका प्रतिबद्धताका साथ लागी पर्ने नै छ । स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा सिलीचोङवासीको इच्छा र आवश्यकतालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र सिलीचोङ गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियन्ताहरु, शिक्षक, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, तथा समाजसेवीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म चालु आ.व. २०७७/०७८ को वार्षिक कायक्रमको समिक्षा गर्न अनुमति चाहन्छु । चालु आ.व.को लागि यस सम्मानित सभाबाट कुल आम्दानि रु ४० करोड ८२ लाख ५२ हजार ३० रुपैया अनुमान भएको मध्ये चालु तर्फ रु २२ करोड ६० लाख ९९ हजार ८ सय ८६ रुपैया, र पुँजिगत तर्फ १८ करोड २१ लाख ५२ हजार १ सय ४४ रुपैया विनियोजन भएको थियो । उक्त विनियोजित रकम मध्ये हाल सम्मको अवस्थामा चालु तर्फ करिव ५५ प्रतिशत, पुजिगत तर्फ करिव ४५ प्रतिशत रकम खर्च भएको छ भने आ.व. को अन्तसम्म करिव ८० प्रतिशत खर्च भईसकने अनुमान गरिएको छ ।

चालु आ.व.मा सम्पन्न भएका तथा निर्माणको अन्तिम चरणमा पुगेका आयोजना तथा कार्यक्रमको विश्लेषण गर्दा भौतिक पुर्वाधार तर्फ छेरछेरे देखि इंखेभिर हुँदै ५ नं. वडा कार्यालय जाने सडक, ३ नं. वडा कार्यालय संरचना निर्माण योजना, ताम्कु प्राथमिक स्वास्थय चौकि संरचना निर्माण योजना, याँसिमा गोगने बिधुत विस्तार योजना, छुदाक तामालुङ छाँगे तिव सडक, कोङकोसु दिल्वा दोभान सडक, पेलुम्वा चिरखुवा खानेपानि आयोजना, डाँडागाउँ चित्रे सडक, देविथान लकुवा गोपेनि सडक, बेसि तम्बे सडक, , लगायत महत्वपुर्ण आयोजनाहरु विनियोजित बजेट अनुरुप केहि सम्पन्न र केहि अन्तिम चरणमा पुगेका छन् ।।

सामाजिक विकास तर्फ गुणस्तरीय र प्रभावकारी शिक्षा कार्यकम अन्तर्गत प्रविधिमैत्री शिक्षा सेवाको लागि गा.पा. भित्रका माध्यमिक विद्यालयहरुमा कम्प्युटर व्यवस्थापन आदी प्रविधिजन्य सामग्रीहरु जडान गरी सेवा प्रवाह गरिएको छ । मातृभाषा र नेपाली भाषा बाहेक अनिवार्य अंग्रेजी

माध्यमबाट कक्षा संचालन गरी सेवा प्रवाह गर्ने प्रकृया व्यवस्थित गर्न सुरु गरिएको छ । आदिवासी जनजाति, दलित, अपाङ्ग, जेष्ठ नागरिक, महिला तथा बालबालिका लक्षित समुहहरुको क्षमता विकास तथा सशक्तिकरणका लागि विनियोजन भएका विविध कार्यक्रमहरु कोभिड महामारिका कारण प्रभावकारि रुपमा संचालन गर्न सकिएन । त्यस्तै गरी लघु उद्यम विकास कार्यकम अन्तर्गक बेरेजगार युवाहरुलाई विविध प्रकारका सिपमुलक  तालिम प्रदान गरी  उद्यमशिलता विकासको लागि शीप युक्त जनशक्ति तयार गरिएको छ । यो विषय गाउँपालिकाको गौरव र उपलब्धिको विषय रहेको म ठान्दछु ।

स्वास्थ्यनै धन भन्ने नारालाई सार्थकता दिन सबै वडा कार्यालयहरुमा रहेका स्वास्थ्यकर्मीहरु बाट समयमानै गुणस्तरीय सेवा प्रवाह गर्ने कार्यलाई व्यवस्थित गरिएको छ । स्वास्थ्य संस्था मार्फत प्रसुती सेवा लिने कार्यमा उत्साहजनक बृद्धि भएको छ । यो प्रवृत्तिले मानिसहरुमा स्वास्थ्य सेवा प्रति नागरिक हरुमा सचेतना बढ्न थालेको आभाष गर्न सकिन्छ । एम्बुलेन्स सेवा, एक्सरे सेवा, ग्रमीण अल्ट्रासाउण्ड भिडियो एक्सरे सेवाले गाउँ गाउँमा गर्भवतिहरुलाई निःशुल्क सेवा र प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्स रे सेवा, ल्याव सेवा लगायतका सेवाहरुमा गरिएको गुणस्तरीयताको बृद्धिले गाउँपीलका भित्रका स्वास्थ्य संस्थाबाट प्रवाह गरिने स्वास्थ्य सेवाप्रति नागरिकहरुको विस्वासमा अभिवृद्धि भएको महसुस मैले गरेको छु ।

यस आ.व.मा पूर्णखोप गाउँपालिका सुनिश्चितता घोषणा गरिएको छ जसमध्ये ११४ जना (१६ देखि २३ महिनाका) बालबालिकाहरु सबै जना पूर्णखोप प्राप्त भएको सुनिश्चित गरिएको छ । सुनौलो हजार दिनका गर्भवति, सुत्केरी आमा तथा शिशुको पोषणमा सुधारका लागि सबै गर्भवति आमाहरुलाई अण्डा, नुन र गेडागुडी वितरण गरिएको छ । सबै गर्भवति आमाहरुले स्वास्थ्य संस्थामानै सुरक्षित सुत्केरीका लागि यस वर्ष १ वटा बर्थिङ सेन्टर सुचिकृत गरि ५ वटै बर्थिङ सेन्टर स्वीकृत गराउन सफल भै २०७८ जेष्ठ मसान्तसम्ममा जम्मा १०२ जना संस्थागत सुत्केरी गराउन सफल भएको छ । गत वर्षको तुलनामा संस्थामा सुत्केरी ५० प्रतिशतलेनै बृद्धि गराउन सफल भएको छ । तेजरत्न आँखा उपचार केन्द्रको समन्वय तथा साझेदारीमा मोतिबिन्दु आँखाको स्कीनिङ गरि १००० जनाभन्दा बढिको सबै वडामा सेवा प्रवाह गरिएको थियो भने ५४ जनाको निःशुल्क मोतिबिन्दुको सफल शल्यकृया गरिएको छ । सुशासन, पारदर्शिता र जवाफदेहिताको लागि हालसम्म नभएको सबै स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा सबै स्वास्थ्य संस्थामा बृहत सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ । प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, गाउँपालिका र करुणा फाउण्डेसनको साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम मार्फत सबै वडामै अपाङ्गता शिबिर सञ्चालन गरि १६१ जनालाई सम्बन्धित वडामै अपाङ्गता परिचय पत्र वितरण गरिएको छ । प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याव

सेवालाई गुणस्तरीय बनाउनको लागि एक एनालाइजर इन्स्टलेशन गरि सेवा सुचारुसंगै प्रभावकारिता बृद्धि भएको छ । जसले गर्दा स्वास्थ्य क्षेत्रमा पहुँज तथा गुणस्रीयतामा जोड गरि सकारात्क सुधार हुदै गएको अनुभूति मैले गरेको छु ।

आर्थिक विकास तर्फ कृषि तथा पशु स्वास्थ्य कार्यक्रममा विनियोजित वजेटबाट विविध कार्यक्रम सञ्चालन गरी आम कृषकको हित प्रवर्द्धनमा ठोस टेवा पुग्न गएको छ । कृषक हरुको क्षमता अभिवृद्धि गरी व्यवसायिक खेती तथ पशुपालन प्रणालीको विस्तार गर्न बिभिन्न वडाहरुमा कृषि तथा पशुपालन पकेट कार्यकम, नश्ल सुधार तथा गोठ सुधार कार्यकम लगायत कार्यकमहरु सफलता पुर्वक सम्पन्न गरिएका छन् । कृषकहरुको आम्दानी बढोत्तरी गर्न तरकारी उन्नत कीट वितरण, प्लाष्टिक टनेल वितरण, एक वडा एक आधुनिक हेण्डटिलर प्रविधि मेसिनको परीक्षण र सञ्चालन गरिएको छ । बिभिन्न जातका फलफुलका बिरुवा वितरण कार्यक्रम जस्ता किशानमैत्रि कार्यकमले कृषि उत्पादनमा केहि बढोत्तरी भएको छ भने भेडा खोर निर्माण तथा थुवा बितरण , प्रजन्न योग्य बाखाका पाठा पाठी बितरण , बंगुर खोर निर्माण तथा पाठा पाठी वितरण लगायतका कार्यक्रम जस्ता कार्यकमले आम कृषकहरुको पशुपालन प्रति आकर्षण बढाएको छ ।

चालु आ.व.मा सवै वडा कार्यालय तथा शाखा कार्यालयहरुबाट निरन्तर गुणस्तरीय सेवा प्रवाहमा बिषेश प्रयास गरिएको छ । कर्मचारिको संख्या न्युन रहेता पनि गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा निरन्तर रुपमा प्रवाह गरिएको छ । व्यत्तिगत घटना दर्ता प्रणालीलाई सूचना प्रविधिमा आबद्ध गरिएको छ । विगत वर्षहरुमा भएका घटना दर्ताका अभिलेखलाई विद्युतीय प्रणलिमा आवद्ध गरिएको छ । सामाजिक सुरक्षा बितरण बैंकिङ प्रणलिमा आवद्ध गराई सामाजिक सुरक्षा भत्ता बितरणमा हुने अपचलनलाई नियन्त्रणको प्रयास गरिएको छ ।

समग्रमा हालसम्म भएका कार्य प्रगतिको पछिल्लो प्रवृत्ति विश्लेषण गर्दा परिणाम सन्तोषजनक भएको पाउन सकिन्छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७८/२०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहान्छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व यस गाउँपालिकाको दीर्घकालिन सोच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) र अपेक्षित उपलब्धीको बारेमा छोटकरी प्रस्तुत गर्दछु ।

**सोच**

समृद्ध सिलीचोङ गाउँपालिकाको आधार,

कृषि, पर्यटन/रोजगारसहितको गुणस्तरीय पुर्वाधार ।

**लक्ष्य**

पुर्वाधार विकास, व्यवसायिक कृषि, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, पर्यटन र उद्यमशिलताको विकासबाट समृद्ध सिलीचोङ गाउँपालिका निर्माण गर्ने ।

**उद्देश्य**

- गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालय जोड्ने सडक लाई बह्रैमहिना संचालन हुने अवस्था निर्माण गर्नुका साथै वडा कार्यालयहरुबाट टोलबस्तिसम्म आम उपभोक्ताको प्रत्यक्ष सहभागितामा सडक सञ्जाल निर्माण गर्ने ।
- यस क्षेत्रको माटो सुहाउदो कृषि प्रणालीको विकास गरी कृषि सेवा केन्द्रको स्थापना, कृषि उत्पादनको बजारिकरण तथा विस्तारिकरण मार्फत गरिवी न्यूनीकरणमा जोड दिने तथा कृषिमा परनिर्भर संस्कृतिको अन्त्य गर्दै आत्मनिर्भर बन्न सबैलाई अग्रसर गराउने ।
- सूचना प्रविधिको प्रयोग गरि गुणस्तरीय शिक्षाको माध्यमबाट सुशिक्षित समाज निर्माणमा सबै वर्ग, क्षेत्र तथा समुदाय सँग हातेमालो गर्दै अगाडी बढ्ने ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउदै सबै नागरिकको लागि पहुच योग्य र सर्वसुलभ बनाउने ।
- सिपमुलक तालिम र ज्ञानको माध्यमबाट दक्ष जनशक्ति विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
- सेवा प्रवाहलाई विद्युतिय प्रणालीमा आवद्ध गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने ।
- सहकार्य र सहभावको संस्कृतिलाई मुल मन्त्रको रुपमा अंगिकार गरी विकासमा जनसहभागिता र साझेदारीको अभ्यासलाई अवलम्वन गर्दै सिलिचोङ गाउँपालिकालाई नेपालकै नमुना गाउँपालिकाको स्तरमा लैजाने ।
- खेम्पालुङ गुफालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

**अपेक्षित उपलब्धी**

**पूर्वाधार विकास तर्फ**

- गाउँपालिकाको केन्द्रबाट जिल्ला सदरमुकाम जोडने बैकल्पिक सडकहरुको निर्माण भई सञ्चालनमा आउने ।
- गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालय जोड्ने सडक बह्रैमहिना संचालन हुने ।
- वडा नं १ र ५ को वडा कार्यालय देखि टोल बस्तिसम्म सडक संजाल निर्माण भएको हुने ।

- वडा नं. १, २, ३ र ४ मा निर्माण सम्पन्न भएका सडकहरुको स्तरउन्नती भएको हुने ।

**आर्थिक विकास तर्फ**

- आधुनिक कृषि प्रणाली विकास गर्न करीब ८० जना युवायुवतिहरुलाई वडा कार्यालयको माग बमोजिमको तालिम उपलब्ध हुने ।
- स्वरोजगार युवाहरुको संख्यामा बढोत्तरी गर्न करीव १०० जना युवाहरुलाई लघुउद्यम विकास कार्यक्रम मार्फत सीपमूलक तालीमको व्यवस्था हुने ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रम मार्फत २०० भन्दा बढि युवाहरुलाई रोजगारिको अवसर सिर्जना गरि बेरोजगारि समस्यामा कमि आउने ।
- कृषि तथा पशुजन्य उत्पादन वृद्धि हुने तथा साना सिंचाइ सुविधाहरु प्राप्त हुने ।

**सामाजिक विकास तर्फ**

- सबै बालबालिका विद्यालयमा भर्ना भएको हुने ।
- शिक्षण सिकाई कृयाकलाप प्रबिधि मैत्रि भएको हुने ।
- बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाइ स्तर सुधार हुने ।
- स्वचालित अनुगमन प्रणाली मार्फत शिक्षाको गुणस्तरमा सुधार हुने ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवाप्राप्त गर्ने ।
- विद्युतीकरण र वैकल्पिक उर्जाको प्रयोगमा बढोत्तरी हुने ।
- प्राविधिक शिक्षा सञ्चालन र नमूना विद्यालयको कार्यक्रम अगाडि बढाइनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन तर्फ**

- सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरी वातावरणीय स्वच्छता कायम भएको हुने ।
- सडक आसपासमा बृक्षारेपण गरि भु-क्षय दरमा कमि आउने ।
- जल उत्पन्न प्रकोपको क्षति न्युनिकरण हुने ।
- विपद व्यवस्थापनको तयारीको लागि आवश्यक सामाग्री तथा उपकरणको सहज उपलब्धी हुने ।

**संस्थागत विकास तथा सेवा प्रवाह तर्फ**

- संस्थागत अभिलेखहरु चुस्त दुरुस्त रुपमा व्यवस्थापन हुने ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा प्रभावकारी हुने ।
- विद्युतीय सरकारको अवधारणा कार्यान्वयन हुने ।

वित्तीय व्यवस्थापन तथा सुशासन तर्फ

- स्थानीय सरकारको सेवाप्रवाह पारदर्शी तथा जवाफदेही हुने ।
- वेरुजु न्युनिकरण हुने ।
- राजश्वका सम्भावित क्षेत्रहरु पहिचान हुने ।

**श्रद्धेय अध्यक्ष महोदय,**

**अब म आगामी आ.व. ०७८/०७९ को वार्षिक निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**क) आर्थिक क्षेत्र**

१. कृषिलाई सम्वृद्ध सिलीचोङको मूल आधारको रुपमा स्थापीत गरी यस क्षेत्रका जनताको आय र जीवनस्तर वृद्धि गर्न आधुनिक र व्यवसायिक कृषिलाई जोड दिईनेछ । गाउपालिका भित्रका वडा बाट छनौट भई आउने युवाहरुलाई आधुनिक कृषि प्रणाली सम्बन्धी तालीम तथा अन्य सीपमूलक तालीम प्रदान गरी विदेशीएका युवाहरुलाई गाँउमानै फर्काउने अभियानको थालनी हुनेछ । यसका लागि आवस्यक बजेट विनियोजन गरिएको छ । त्यस्तै कृषि तथा पशु स्वास्थ्य क्षेत्रको विविध कार्यक्रमको लागि आवस्यक बजेट विनियोजन गरिएको छ ।

२. सहकारी सम्वन्धी गतिविधि गाउँपालिकावाट व्यवस्थापन र नियमन गर्ने प्रक्रियाको थालनी भईसकेको हुँदा सहकारी मार्फत आम नागरिकाको जीवनस्तरमा सुधारका लागि सहकारी बिकास तालिम सञ्चालनको लागि आवस्यक बजेट विनियोजन गरिएको छ ।

३. कृषिमा उद्यमशीलता-आजको आवश्यकता भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ र साना तथा घरेलु उद्योगहरु सञ्चालनको लागि सहजिकरण गरिनेछ ।

४. कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणका लागि बाली तथा पशु बिमा कार्यक्रममा सहभागी हुन किसानहरुलाइ प्रोत्साहन गरिनेछ । कृषक समुहको माध्यमबाट उन्नत कृषि बाली सम्बन्धी जानकारी गराउने तथा नयाँ प्रविधिको प्रयोग जस्ता सिर्जनात्मक काम गरिनेछन् । पशुपालन व्यवसायलाई व्यावसायिक विकासको लागि नश्ल सुधार, कृतिम गर्भधारण, चरण क्षेत्र विकासमा जोड दिनेछ ।

५. कृषकहरुको उत्पादनलाई सहज ढंगले बजार व्यवस्था गर्न एक वार्ड एक हाट बजार संचालन गर्न प्रोत्साहित गरिनेछ ।

६. उच्च मूल्यको तथा निर्यातयोग्य फलफूल खेतीलाई प्रोत्साहन दिँदै विभिन्न कृषि उपज उत्पादनको पकेट क्षेत्र घोषणा गरी उत्पादन वृद्धिमा सहयोग पुऱ्याइने छ ।

७. गाउँपालिकाको विभिन्न स्थानमा पोखरी निर्माण गरि माछापालन गर्दै आय आर्जन र पर्यटकीय गन्तव्य निर्माणको आधार  तयार गर्न युवाहरुलाई प्रोत्साहित गरीने छ ।

**ख. सामाजिक विकास क्षेत्र**

१. प्रत्येक वडामा माध्यमिक तहसम्म निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइनेछ । अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गर्ने विद्यालयलाई विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

२. प्राविधिक शिक्षा पढ्न चाहने गरिव तथा जेहेनदार छात्रछात्रालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

३. यस गाउँपालिका अर्न्तगतका विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भई नियमित उपस्थित गराउन र सिकाई स्तर वृद्धि गर्न जोड दिइनेछ । यसको लागि अनिवार्य रुपमा पालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण प्रणालीको विकास गरिनेछ ।

४.प्रभावकारी शिक्षण विधिद्धारा शिक्षण गराउने बिषय शिक्षकलाई सम्मान, सिर्जनसिल तथा लगनसिल विद्यार्थीहरुलाई परीक्षा प्रणाली तथा मूल्याङ्कनमा एकरुपता कायम गर्न विशिष्टिकरण ग्रीड निर्धारण कार्यकम र प्रोत्साहन तथा कुशल प्रशासक प्रधानाध्यापकलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यकम संचालन गरिनेछ ।

५.प्रविधिमैत्रि शिक्षा प्रणालीलाई प्रवर्द्धन गरिने छ ।

६.सवै आधारभूत विद्यालयहरुमा कम्प्युटरको व्यवस्थापन गरिनेछ ।

७. गाँउपालिका स्तरमा शिक्षा सुधार कार्यक्रम अन्तर्गत सवै विद्यालयका प्र.अहरुलाई लेखा तथा ICT तालिम प्रदान गरि गुणस्तर बृद्धि गरिनेछ ।

८.बालकक्षा संचालन रहेको सबै विद्यालयहरुमा शिशुस्याहार कक्षा ब्यवस्थापन गरि गाउँपालिका भित्रका विद्यालयहरुमा नमुना बालकक्षाको अवधारण लागु गरीएकोमा यस आ.ब.मा निर्माण कार्य समपन्न गरिनेछ । दिवा खाजा कार्यक्रमलाई अनिबार्य र व्यवस्थित गरिनेछ ।

९.दुई महिनामा एकपटक प्रत्येक विद्यालयहरुमा स्वास्थ्य प्राविधिकहरु पठाएर विधार्थीहरुको स्वास्थ्य परिक्षण तथा स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

११.प्रत्येक विद्यालयहरुमा अतिरिक्त कृयाकलाप साप्ताहिक रुपमा अनिबार्य गरिनेछ ।

१२.प्रत्येक माध्यमिक विद्यालयहरुलाई प्रविधिमैत्रि बनाउनको लागि ईन्टरनेट सुबिधामा पहुच पुऱ्याउन पहल गरिनेछ।

१३.माध्यमिक विद्यालयमा ऐच्छिक बिषयको रुपमा कम्प्यूटर शिक्षा अनिवार्य गरिएकोमा सो कार्यको लागि यस आ.व.मा बाँकि रहेका माध्यमिक विद्यालयहरुमा कम्प्युटर ल्याव स्थापना सम्पन्न गरिने छ।

१४.सामुदायिक विद्यालयमा अध्ययन गर्ने विधार्थीहरुको अभिभावकहरुलाई ३ महिनाको बिचमा अन्तर्कियाको माध्यमबाट पोषण, सिकाईको स्तर, पोषाक, व्यक्तिगत सरसफाई, अनुसासन सम्बन्धि पृष्ठपोषण आदान प्रदान गर्ने कार्य अनिबार्य गरिनेछ।

१५. विधार्थी संख्या, प्रभाव क्षेत्रको आधारमा दरवन्दि तथा करारमा र अल्पकालिन आवस्यकता अनुसारको जनशक्तिको थपघट गरिनेछ।

१६. प्रोजेक्टर प्रणालीबाट अध्यापन कार्य गरी नमुना विद्यालय स्थापना गरिनेछ।

१७. बिभिन्न सरकारी तथा गैह्रसरकारी दातृ निकायहरुको पहिचान तथा सहकार्य गरि शैक्षिक सुधारका लागि पहल गरिनेछ।

१८. शैक्षिक शत्रको अन्त्यमा बार्षिक परीक्षा हुनुभन्दा अगावै बिषय शिक्षकले अन्तरविद्यालय नमुना कक्षा संचालन अनिबार्य गरिनेछ। आधारभूत तह उर्तिण परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन उचित वजेट विनियोजन गरिएको छ।

१९ गाउँपालिका भरीका जेष्ठ नागरिकहरुको गाउँगाउँमा पुगेर स्वास्थ्य परीक्षण गरि आवश्यक उपचारको व्यवस्था गरिनुका साथै जेष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकहरुको सम्मान गरिनेछ । स्वास्थ्य चौकीको स्तरवृद्धि गर्ने र स्वास्थ्य चौकीमा प्रसुती केन्द्रलाई थप व्यवस्थित तथा स्थापना गर्न पहल गरिनेछ। सबै वडाका विभिन्न स्थानमा सामुदायिक स्वस्थ्य ईकाई स्तरउन्नती गरी संचालन गरिनेछ।

२०. स्वास्थ्य चौकीको सेवाक्षेत्र भित्र स्वास्थ्य प्राविधिकहरु प्रत्येक २ महिनामा कम्तिमा एकपटक प्रत्येक घरघरमा गएर संस्थागत प्रसुति सेवा, नवजात शिशु स्याहार, परिवार नियोजन, खोप, पोषण तथा ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम, व्यक्तिगत सरसफाई, शौचालयको प्रयोग, भान्साकोठा सरसफाई, घरआगन सरसफाई, गोठ, खोर व्यवस्थापन, स्तनपान, कुपोषण, बालमृत्यु दर, सुत्केरी तथा गर्भवती महिलाको स्वास्थ्य अवस्था, वातावरण प्रर्दुषण नियंत्रण आदि बिषयमा स्थलगत अध्ययनको प्रतिबेदन सम्बन्धित प्राविधिकले तय गरेर समितिको बैठकमा प्रस्तुत गर्नका साथै बिवरण वडा तथा पालिकामा पठाउने व्यवस्था गरिनेछ।

२१. राज्यबाट निशुल्क प्रदान हुने विभिन्न प्रकारका औषधीहरु स्वास्थ्य संस्थाबाट सम्पूर्ण नागरिकहरु सम्म पुग्ने व्यवस्था मिलाईनेछ । साथै गाउँपालिकाभित्र नियमित बसोबास गर्ने नागरिकहरुले प्रयोग गर्दैआएको सुगर, प्रेसर, थाईराईड जस्ता दिर्घ रोगका औषधिहरु निशुल्क वितरणको व्यवस्था मिलाईने छ ।

२२. यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यसँग सम्बन्धित संघसंस्थाहरुलाई मासिक प्रगति प्रतिवेदन वडा हुँदै गाउँपालिकामा पठाउने व्यवस्था गरिनेछ र उक्त प्रतिवेदनका आधारमा सिकाई उपलब्धि र समस्या पहिचानका सवालमा बिश्लेषण गरि पृष्ठपोषण प्रवाह गरिनेछ ।

२३ प्रत्येक वडामा रहेको स्वास्थ्य चौकीमा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन र आवश्यकता अनुसारको थप स्वास्थ्यकर्मीको व्यवस्थापन गरिनेछ ।

२४. प्राथमिक स्वास्थ्य केन्द र स्वास्थ्य चौकीको भौतिक संरचना थप व्यवस्थापन गरिनेछ । वडा नं. ४ को स्वास्थ्य चौकिको संरचना २ वर्षभित्र निर्माण सम्पन्न गर्नेगरि आवस्यक बजेट बियोजन गरिने छ ।

२५. समुदायमा सेवारत हरेक टोल टोलका महिला स्वास्थ्य स्वयंसेविकाहरुको प्रोत्साहनका लागि सेवा सुविधामा समय सापेक्ष व्यवस्था गरिनेछ ।

२६. सुर्तीजन्य पदार्थको सेवन, बेचविखनलाई कानुन बमोजिम कडाईका साथ नियन्त्रण तथा नियमन गर्दै लगिनेछ । बेचविखनमा व्यवस्थापन गरि धुम्रपान, मध्यपानमा कर बृद्धि गरि असुल गरिनेछ ।

२७. घरमा प्रसुति शुन्य (Zero home Delivery), पूर्ण स्तनपान, पूर्ण सरसफाई, बालविवाह मुक्त गाउँपालिका र पूर्णखोप युक्त एक नमूना गा.पा. को रुपमा स्थापना गर्न सचेतना कार्यकम संचालन गरिनेछ । सुरक्षित गर्भपतन सेवालाई नियमित र प्रभावकारी बनाईने छ ।

२८.प्राथमिक स्वास्थ्य केन्द्र, ताम्कूलाई लाई ५ सैयाको अस्पतालमा स्तरोन्नती गर्न आवश्यक पहल एबं व्यवस्था मिलाइने छ ।

२९.तेजरत्न आँखा अस्पताल संखुवासभासंग सहकार्य गरि गाउँपालिका अवस्थित ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रमा आँखा उपचार केन्द्र स्थापनको लागि जनशक्ति व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

३०.मांतेवा स्वास्थ्य चौकीको जीर्ण अवस्थामा पुगेको भवन निर्माणको लागि क्रमागत रुपमा आवश्यक बजेट बिनियोजन गरिनेछ ।

३१.पालिका तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई क्षमता अभिबृद्धि गरि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी बनाई पोषण मैत्री गाउँपालिकाको रुपमा स्थापित गर्दै लगिनेछ ।

३२.गर्भवति आमाहरुलाई प्रि इक्लाम्पसीया र इक्लाम्पसीयाबाट बचाउन तथा आमा र गर्भमा भएको बच्चाको पोषणको अवस्थामा सुधार हुनको लागि सबै गर्भवति आमाहरुलाई क्याल्सियम चक्की निःशुल्क वितरण गरि सेवा प्रदान गरिनेछ ।

३३.आयुर्वेद स्वास्थ्य सेवालाई आवश्यकतानुसार विस्तार गरि यहाँका जडिबुटीको पहिचान तथा उपयोगका लागि अध्ययन गरिनेछ । बाला आयुर्वेद औषधालयको भवन निर्माणमा स्तरोन्नती हुनेछ ।

३४.परम्परागत उपचार प्रणालीलाई त्यसैमा मात्र सीमित नराखेर आफ्नो ऐतिहासिक पहिचानलाई कायम राख्दै वैज्ञानिक पद्धतिसंग जोड्नका लागि विभिन्न अभिमुखीकरण संचालन गर्दै लगिनेछ ।

३५. स्वास्थ्य क्षेत्रमा काम गर्ने संघसंस्थाहरुले यसै स्वास्थ्य क्षेत्रको नीति तथा कार्यक्रमलाई सफल बनाउने गरि सहकार्य गरि नतिजामुखी गुणस्तरीय सेवा प्रदानका लागि सहयोग गर्नका लागि सहकार्य गरिनेछ ।

३६. धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा जोड दिईनेछ । विभिन्न जातिको मौलिक संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने नीति लिईएको छ । विभिन्न मठमन्दिर, चावा, चर्च, गुम्बा, माने, देवस्थल, खेम्पालुङ निर्माण आदिको संरक्षणमा ध्यान दिईनेछ ।

३७. वातावरणीय सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गरि स्वच्छ, सुन्दर र पूर्ण सरसफाइयुक्त समुदाय निर्माणमा जोड दिई नीति कार्यविधि बनाई लागू गरिनेछ ।

३८. दलित समुदायको परम्परागत सीपलाई आधुनिकिरण गर्दै व्यावसायीकरणमा जोड दिइनेछ र महिला तथा बालबालिकाको विरुद्धमा हुने हिंसा र दुर्व्यवहार अन्त्य र सबै नागरिकको सम्मानको लागि लैंगिक तथा सामाजिक समावेशीकरण नीति बनाई लागु गरिनेछ ।

३९. बालबालिकाको सहभागिता, संरक्षण र विकासको अधिकार सुनिश्चित गर्न बाल संरक्षण र सहभागिता प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिईनेछ ।

४०. गाउँपालिका स्तरीय खेल मैदान तथा कवडहल निर्माण गर्नका लागि यस आ.व.मा आवश्यक बजेट बिनियोजन गर्नुका साथै माथिल्लो निकायमा पहल गरिने छ ।

४१. गाउँपालिका स्तरीय खेलकुद विकास कार्यक्रम सञ्चालन गरिने छ । उक्त कार्यक्रम आवश्यक बजेट विनियोजन गरिने छ ।

४२. लक्षित समुहहरुको सशक्तिकरण र राज्य संयन्त्रमा प्रवाहिकरण गराउन पिछडिएका जाति, जनजाति, वर्ग लिङ्ग, दलित,अपाङ्ग, महिला तथा बालबालिका आदि लक्षित समूहलाई सचेतनामूलक, सीपमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग. पूर्वाधार विकास क्षेत्र**

१. गाउँपालिकाकाको केन्द्रबाट सबै वडाकार्यालय जोडिने मुल सडकलाई बाह्रैमहिना संचालन हुने व्यवस्था मिलाउन बजेट विनियोजनमा प्राथमिकता दिइनेछ र गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई मुख्य प्राथमिकता कममा राखि स्तरोन्नती गरिनेछ । आ.व. २०७८।०७९ को पहिलो चौमासि अवधि

भित्रनै सिलीचोङ गाउँपालिका वडा नं. १ चित्रेमा निर्माण हुन लागेको एकिकृत वस्ति क्षेत्रसम्म सडक निर्माण सम्पन्न गर्न पर्याप्त बजेट बिनियोजन गरिने छ । स्थानीय सडक निर्माणको लागि वजेटको मूख्य हिस्सा विनियोजन गरिएको छ ।

२. गाउँपालिका संरचना भवन निर्माणको थालनी हुनेछ ।

३. गाउँपालिका भित्रका मुख्य खोला संखुवाखोला, खंलुवाखोला, सिसुवाखोला लगायत स्थानहरुमा मोटरेवल पुल निर्माणको थालनि गरिने छ ।

४. स्थानीय सडकहरुको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिइनेछ साथै स्थानीय सडकहरुलाई पर्यटकीय र हरित सडकको रुपमा विकास गर्न प्राथमिकता दिइनेछ ।

५. सार्वजनिक सम्पत्तिको अभिलेखांकन गरि तिनको सुरक्षा र उत्पादनमुलक क्षेत्रमा प्रयोग गरिने कार्यको थालनी गरिने छ ।

६. सबै वडाहरुमा राष्ट्रिय प्रशारणलाईन मार्फत ग्रामिण विद्युतीकरण विस्तार गर्न प्राथमिकता दिईनेछ । ग्रामिण विद्युतिकरणको लागि आवश्यक सामान तार तथा पोल खरिद, सोलार लगायत विद्युतीय सामान खरिदका कार्यक्रम समावेश गरिने छ ।

७. सार्वजनिक-निजी साझेदारीमा बैकल्पिक तथा नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ, सडक बत्ती विस्तार गरिनेछ ।

८. कृषि उत्पादन वृद्धि गर्ने सिंचाइ प्रणालीहरुलाई भरपर्दो, आधुनिक र दीगो बनाइनेछ । गाउँपालिकाका मुख्य कृषियोग्य भुमिलाई सिंचित गर्दै उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न प्राथमिकता दिईनेछ ।

९. प्रत्येक वस्तीको घरघरमा जनतालाई विभिन्न सूचना, मनोरञ्जन र उपयोगी सीप तथा ज्ञान प्रवाह गर्नका लागि एफ.एम. रेडियो संचालन गर्न ईच्छुक लगानीकर्तालाइ प्रोत्साहन दिईनेछ । साथै स्थानीय पत्रिका प्रकाशन गर्नेलाई विशेष सुविधा दिईनेछ ।

१०. सुधारिएको चुलो वितरण गरिनेछ ।

**घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

१. विपदको जोखिम आकलन गर्न विपद जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा विगत वर्षकै कार्यक्रमलाई निरन्तरता दिइ आपतकालिन उद्धार तथा राहत कोष तथा सामग्रीको व्यवस्था गरिनेछ ।

२.सिलीचोङ गाउँपालिका वडा नं. १ स्थित चित्रे र बखलटुममा निर्माण हुन लागेको एकिकृत बस्तिको निर्माण कार्य सम्पन्न गरिने छ । जसको लागि आवस्यक बजेट बिनियोजन गरिने छ ।

३. बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि, विषादी च्याउ र भूकम्प जस्ता कारणहरुको आंकलन गर्ने र यिनिहरुबाट हुने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न विपद व्यवस्थापनमा संघ र प्रदेश सरकारको समन्वयमा स्थानीय जनतासँग सहकार्य गरी आवश्यक वडा तथा गाउँपालिका स्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाइनेछ । जसका लागि यसै आर्थिक बर्षबाट कार्यक्रमको थालनी गरिने छ ।

४. नीजि तथा सार्वजनिक जग्गाको साथै सडक वरिपरी वार्षिक रुपमा नियमित वृक्षारोपण गर्न प्रोत्साहित गरिनेछ । सडक आसपास बृक्षारोपण कार्यलाई सडक निर्माण कार्यमा आवद्ध गराईने छ ।

५. फोहोर मैला व्यवस्थापनको लागि सचेतनामूलक कार्यक्रम सबै वार्डका टोल टोलमा पुऱ्याइने छ जसको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

६. जलवायु परिवर्तनले पारेको प्रभावको अध्ययन र त्यसको निरुपण गर्नका लागि सरकारी र गैर-सरकारी कार्यक्रमहरुसँग संयोजन गरी प्राथमिकताको क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ ।

७ जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे आम नागरिकहरुलाई सचेत गराउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. भू संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. सबै वडाहरुमा सरसफाई अभियान सञ्चालन गर्ने र गाउँपालिका अन्तर्गतका खोला नालाहरुलाई प्रदुषण हुन नदिने अभियान चलाइनेछ ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र**

१.सूचना प्रविधिको उपयोग गरी समन्वयात्मक तथा कम खर्चिलो तवरले स्थानीय तहका दैनिक प्रशासनिक अभिलेखहरुलाई आधिकारिक तथ्याङ्कका रुपमा प्रयोग गर्न सकिने व्यवस्था गरिनेछ ।

२. सबै वडामा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीबाट सुरु गरिसकिएको हुँदा यस कार्यलई अझ व्यवस्थित र नागरिक मैत्रि बनाउँदै लगिने छ ।

३. स्थानीय सरकारको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, विधिसम्मत र जनतामैत्री बनाउने लक्ष्य लिएको छ । सरकारी सेवाप्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने नीति लिइनेछ । जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५. जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, एकल महिला, लोपोन्मुख आदिवासी जनजातिलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता समयमा सहज रुपमा प्रदान गर्नको लागि पारदर्शी र जवाफदेही

वितरण प्रणाली अपनाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान तथा अनुभवको उपयोग गर्दै उनिहरुको सम्मानित जीवनयापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

६. सबै सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री र बालमैत्री निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

७. अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार गर्ने प्रक्रियाको थालनी आगामी आ.व बाट गरिनेछ । उनिहरुको स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न आर्थिक सहयोगको व्यवस्था गरिनेछ ।

८. करका दरहरु न्युन गरी करको दायरा विस्तार गरिनेछ । "समयमै कर तिरौ, सम्वृद्ध सिलीचोङ निर्माणमा सहयोग गरौ" भन्ने नारालाई राजस्व परिचालनको नारा बनाईनेछ । जनताले तिरेको करलाई अधिकतम रुपमा सदुपयोग गरी जनताकै हितको लागि उपयोग गरिनेछ ।

९. करका प्रशासनिक प्रक्रियाहरु सरल हुनेछन् । कर प्रशासनलाइ आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी स्वचालित प्रणालीमा आवद्ध गरिनेछ । कर छली र चुहावट रोक्न बुधवारे, मांङतेवा, चित्रे तथा याफुका नाकाहरुमा कडाई गरिने छ ।

१०. गाउँपालिकाको वस्तुगत तथ्यांक डिजिटल रुपमा अद्यावधिक गर्दै लगिनेछ । सार्वजनिक श्रोत उपयोगको क्षेत्रको गुरुयोजना वनाई आवधिक योजना निर्माण गर्ने तर्फ कार्यक्रम सञ्चालन गरिनेछ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

नागरिकहरुका ईच्छा, आकांक्षाहरु, आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र सिलीचोङ वासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई अत्युतम रुपमा परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

यसैगरी यस गाँउपालिका अर्न्तगत रहेका पाचै वटा वडाहरुको समानुपातिक र समावेशी विकास गर्न भौगोलिक अवस्था, जनसंख्याको अवस्थाका साथै राजस्व संकलनका आधारमा बजेट विनियोजन गरिएको छ । त्यसै गरी गाउँपालिका बाट खर्च हुने योजनाहरुमा ठूला, दीर्घकालिन महत्वका तथा एकभन्दा बढि वार्ड समेट्नुपर्ने आयोजना तथा कार्यकमलाई प्राथमिकतामा राखि विनियोजन गरिएको छ । मर्मत

संभार कोष अन्तरगतको रकम गाउँ कार्यपालिको निर्णय बमोजिमका मर्मत गर्नुपर्ने आयोजना मा खर्च गरिने छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षमा गाउपालिका र सम्पूर्ण वडाहरुमा बिनियोजित योजना तथा कार्यकमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

गाउँपालिकाबाट लगानी भई संचालन तथा कार्यान्वयन हुने कार्यक्रम निम्नानुसार रहेका छन ।

वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्य ज्युहरु, राजस्व परामर्श समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्यज्यूहरु, सम्पुर्ण जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीज्युहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ॥